

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ९ गते आइतबार ❑ 21 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नेपाली गीत संगीतको संरक्षण र विकास गरिनुपर्दछः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले मौलिकता जोगाएर नेपाली गीत संगीतको संरक्षण र विकास गरिनुपर्नेमा जोड दिनुभएको छ।

पोखरामा आयोजित दोस्रो राष्ट्रिय संगीत अवार्डमा बोल्दै उहाँले मौलिक संस्कृति, संगीत र कला विश्वमाझ देशको प्रमुख पहिचान तथा चिनारी बनेको बताउनुभयो। प्रदेश प्रमुख भट्टले भन्नुभयो -'विश्व संगीतको बजारमा प्रभाव पार्ने संगीत हामीसँग छ । संगीतकर्मीहरुले नेपाली मौलिक संगीतप्रति मोह बढाउने काम गर्न आवश्यक छ । मौलिकता रहने गरी संगीतलाई समयसापेक्ष विकास गर्नुपर्दछ ।'उहाँले पश्चिमा संगीतको दबदबा भइरहेको बेलामा नेपाली संगीकर्मीहरुले विदेशी संगीतलाई प्रतिस्थापन गरी नेपाली संगीतलाई




स्थापित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। देशको पहिचान जोगाइराख्न, राष्ट्रिय एकतालाई सुदृढ गर्न, देश भक्तिभावले नागरिकलाई ओतप्रोत बनाइराख्न तथा भोलिका सन्ततीहरुलाई सहजतापूर्वक हस्तान्तरण गर्न भाषा, संस्कार, संस्कृतिको संरक्षण र सम्वर्द्धन अनिवार्य रहेको प्रदेश प्रमुख भट्टको भनाई छ। 'गीत संगीतले सजिलै स्रोता र दर्शकको मन र मस्तिकमा प्रभाव पार्न सक्छ। हामीले रचना गरेको गीत संगीतले समाजलाई सकारात्मक सन्देश दिनुपर्छ र त्यसले समाजलाई सही दिशामा डोऱ्याउनुपर्छ ।'- उहाँले भन्नुभयो । मौलिक संगीतको सिर्जना गर्ने, संगीत क्षेत्रको विकासमा योगदान पुऱ्याउने र यसलाई अन्तर्राष्ट्रियकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउनुहुने नेपाली संगीतकर्मीहरुमा उच्च सम्मान व्यक्त गर्दै उहाँले देशभरका उत्कृष्ट कलाकारलाई सम्मान गर्ने यस्ता कार्यक्रमको निरन्तरताको कामना पनि गर्नुभयो । 'अग्रजलाई सम्मान, नयाँ पुस्तालाई प्रोत्साहन' नाराका साथ आयोजित दोश्रो राष्ट्रिय संगीत अवार्डमा विभिन्न २६ विधामा सर्वोत्कृष्टलाई अवार्ड वितरण गरिएको आयोजक संस्था कास्की खबरका अध्यक्ष ऋषिराम दाहालले जानकारी दिनुभयो।

उक्त अवसरमा नेपाली संगीत र कला क्षेत्रमा पत्रकारितामार्फत् योगदान पुऱ्याएकोमा पत्रकारहरु रञ्जन अधिकारी, गौरव त्रिपाठी र कमल सरगमलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सागर कार्की, साहिल गायक लगायतका संगीतकर्मीलाई पनि सम्मान गरिएको थियो।

## विद्यार्थी घटेपछि ३१ विद्यालयको तह घटाइयो, दुई विद्यालय बन्द

**रासस**
बागलुङ, ८ बैशाख

विद्यार्थी सङ्ख्या नपुगेका ३१ सामुदायिक विद्यालयको तह घटाइएको छ । बागलुङ नगरपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्दै 'लिड विद्यालय', आवासीयसहितको विद्यालय र 'बिग विद्यालय'को अवधारणा कार्यान्वयनका लागि विद्यार्थी थोरै भएका ३१ सामुदायिक विद्यालयको हाल भइरहेको कक्षाको तह घटाएको छ।

विद्यार्थी अभाव झेल्दै आएका प्राथमिक विद्यालय र आधारभूत विद्यालयमा तह घटाइएको छ भने दुई विद्यालय तत्कालका लागि बन्द गरिएको छ । बन्द हुने विद्यालयमा बागलुङ नगरपालिका-९ तित्याङका रानेभूमि प्रावि र सरस्वती प्रावि छन्। विद्यालयमा भौतिक पूर्वाधार थपिँदै जाने र विद्यार्थीको सङ्ख्या घट्ने अवस्थामा विद्यार्थीको सङ्ख्याका आधारमा कक्षा सञ्चालन गर्दा गुणस्तरमा वृद्धि हुने विद्यार्थी सङ्ख्या धेरै भएको विद्यालयमा शिक्षकको अभाव नहुने र विद्यालयमा गरिएको लगानी सदुपयोग हुने भएकाले बागलुङ नगरपालिकाले ३१ विद्यालयको तह मिलान गरी घटाइएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । नगरपालिकाले दुई वर्षसम्म गरेको विद्यालयको अध्ययनअनुसार विद्यालय तह मिलान कार्यविधिअन्तर्गत रही तह मिलान गरिएको श्रेष्ठको भनाइ छ। "१३औं नगरसभाबाट विद्यालय व्यवस्थापन गर्ने सम्बन्धमा भएको निर्णय, नगर शिक्षा समितिको सुझाव र विद्यालयको स्थलगत अनुगमन समितिको सिफारिस प्रतिवेदनको आधारमा विद्यालय स्थगत र तह मिलान गरेको हो", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "तह घटाउँदा एक घण्टा हिँड्नुपर्ने अवस्थाका विद्यालयलाई असर पारिएको छैन, न्यून विद्यार्थी भई घर नजिकै वैकल्पिक विद्यालय भएका विद्यालय छनोट गरेर तह घटाइएको छ, तह घटाउँदा धेरै हुन आएका शिक्षकलाई विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी मिलान गरिन्छ ।" तह घटाइएपछि बालविकास केन्द्र सञ्चालन हुने विद्यालयको सङ्ख्या आठ, बालविकास केन्द्र र कक्षा एकमात्र सञ्चालन हुने विद्यालय ११, कक्षा १ मात्र सञ्चालन हुने विद्यालय एक, कक्षा १ देखि ३ सम्म सञ्चालन हुने विद्यालय पाँच, कक्षा १ देखि ४ सम्म सञ्चालन हुने विद्यालय दुई र चार विद्यालयमा कक्षा १ देखि ६ कक्षासम्म सञ्चालन हुने छ। नगरपालिकाले विद्यालयमा गरेको लगानी बालुवामा पानी भएको भन्दै विद्यार्थी भएको विद्यालयमा मात्रै भौतिक पूर्वाधार, प्रविधि र अङ्ग्रेजीमा पठनपाठन गराउनेगरी तह मिलान गर्न थालेको नगरउपप्रमुख राजु खड्काले बताउनुभयो । खड्काका अनुसार जनसङ्ख्या बढ्दा आवश्यकता देखिएर समुदायस्तरको पहलमा खोलिएका विद्यालयमा क्रमशः घट्दो जनसङ्ख्या, बसाइँसराइ, संस्थागत विद्यालयमा आकर्षणजस्ता कारण विद्यालयमा विद्यार्थीको सङ्ख्या अपुग हुन थालेपछि विद्यालय घटाउन थालिएको हो । नगरपालिकाले टाढाका विद्यार्थीलाई आवासीयसहितको विद्यालय बनाउने र गुणस्तरी शिक्षामा जोड दिनका लागि एकीकृत विद्यालयको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## मन्त्री चुमानलाई आर्थिक र गुरुङलाई भौतिक मन्त्रालयको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले मन्त्रीहरुको कार्यविभाजन गर्नुभएको छ।

उहाँले विनाविभागीय मन्त्रीद्धय हरिबहादुर चुमान र राजीव गुरुङलाई शनिबार जिम्मेवारी तोक्नुभएको हो । नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेतासमेत रहनुभएका चुमानले आर्थिक मामिला मन्त्रालय र गुरुङले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी पाउनुभएको हो । मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख डिल्लीराज भट्टले मन्त्रिपरिषद् कार्यविभाजन हेरफेरसहित जिम्मेवारी तोक्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले जानकारी दिनुभयो । बाँकी रहेका उद्योग, पर्यटन, वन तथा वातावरण, ऊर्जा, जलस्रोत तथा खानेपानी, कृषि तथा भूमि व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी भने मुख्यमन्त्री अधिकारीले नै राख्नुभएको छ । गत चैत २५ गते मुख्यमन्त्री नियुक्त हुनुभएका अधिकारीले सोही दिन चुमान र गुरुङलाई विनाविभागीय मन्त्री नियुक्त गरी तीन सदस्यीय मन्त्रिपरिषद् गठन गर्नुभएको थियो।

## आठ महिनामा १७ हजारलाई आयुर्वेद सेवा

**पोखरापत्र संवाददाता**
दमौली, ८ बैशाख

तनहुँमा आयुर्वेद सेवातर्फ सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि फागुनसम्म १७ हजार पाँच सय ७२ लाई सेवा दिएको छ।

कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा १९ हजार दुई सय १७ जनालाई सेवा प्रदान गरेको थियो । चालु आर्थिक वर्षको असारसम्म गत आर्थिक वर्षकोभन्दा धेरैलाई सेवा दिने लक्ष्य रहेको कार्यालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंले जानकारी दिनुभयो


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## राष्ट्रिय माविका १५ जना पूर्व विद्यार्थीहरु सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख


पोखराको पुरानो टुँडिखेलमा रहेको राष्ट्रिय माध्यामिक विद्यालयले स्थापनको ७५ वर्ष प्रवेशको अवसर पारी आयोजित हीरक महोत्सव तथा वृहत पुनर्मिलन कार्यक्रममा विद्यालयका १५ जना पूर्व विद्यार्थीहरुलाई सम्मान गरिएको छ।



विद्यालयले पूर्व विद्यार्थी कृषि विज्ञ डा. अनिल सुवेदी, महिला शसक्तिकरण अभियन्ता तथा समाजसेवी कर्मा गुरुङ, नेपाल सरकारका पूर्व मुख्य सचिव एवं प्रमुख निर्वाचन आयुक्त केशवलाल राजभण्डारी, उद्योगपति तथा विद्यालय ब्यवस्थापन समितिका पूर्व अध्यक्ष गणेश बहादुर श्रेष्ठ, वरिष्ठ चिकित्सक डा. जगदिशलाल बैद्य, वरिष्ठ पत्रकार तिलकमान गुभाजू, नेपाल ओलम्पिक कमिटीक उपाध्यक्ष तेज बहादुर गुरुङ, २०३१ सालको एसएलसी परीक्षामा बोर्ड फस्ट दानकुमार प्रधान, ललितकलाकर्मी एवम वरिष्ठ व्यङ्ग्य चित्रकार दुर्गा बराल, नेपाल सरकारका पूर्व उद्योग वाणिज्य सहायक मन्त्री प्रकाश बहादुर गुरुङ, पोखरा विश्वविद्यालयका संस्थापक रजिष्ट्रार प्रकाशमान गुभाजू, गायीका बाबा राणा, न्यायिक प्रतिष्ठानका पूर्व कार्यकारी निर्देशक राघवलाल बैद्य, विद्यालयका पूर्व विद्यार्थी, शिक्षक एवम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामराज रेग्मी र नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त श्रेष्ठलाई सम्मान गरेको हो।

सम्मानित ब्याक्तिहरुलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, विद्यालयका प्रध्यानाध्यापक इश्वरी प्रसाद सापकोटा, पुनर्मिलन समारोहका संयोजक वसन्तराज अधिकारी, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा हीरक महोत्सव मूल आयोजक समितिका अध्यक्ष रामविक्रम राणा लगायतले माला, अभिवर र सम्मानपत्रले सम्मान गरेका थिए। सो अवसरमा वोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले तत्कालिन राणा सासनको अन्त्य हुने वेलामा स्थापना भएको राष्ट्रिय माविले नेपालमा ख्याति प्राप्त ब्याक्तित्वहरु उत्पादन गर्ने केन्द्रको रुपमा स्थापित भएको र त्यसको गरिमालाई कायम राख्न महानगरको तर्फबाट सहयोग गर्ने वताए। तत्कालिन समयमा निर्माण भएका भवनहरु जीर्ण हुदै गएको आफुले थाहा पाएको वताउदै त्यसको संरक्षणका लागी आफ्नो तर्फबाट सहयोग गर्ने वताउदै मेयर आचार्यले राष्ट्रिय माविलाई पुरानै उचाइमा पुऱ्याउने गरी काम गर्न विद्यालयका शिक्षक, अभिभावक, पूर्व विद्यार्थी र विद्यार्थीहरुलाई समेत आग्रह गरे । सो अवसरमाविद्यालयका पूर्व विद्यार्थी तथा पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष साहरा प्रधान, वडा नम्बर २ का अध्यक्ष दिवशमान पूधानाङ, सम्मानित ब्याक्तिहरु प्रकाश बहादुर गुरुङ र रामराज रेग्मी, विद्यालयका प्रध्यानाध्यापक इश्वरी प्रसाद सापकोटा लगायतले वोलेका थिए।

वि स. २००६ साल मंसिर २० गते स्थापना भएको विद्यालयले २०८० मंसिर २० गते ७४ वर्ष पुरा गरि ७५ औं वर्ष प्रवेशको अवसर पारी हीरक महोत्सवका विविध कार्यक्रम गर्दै आइहरकोमा ११ औं कार्यक्रम अन्तर्गत वृहत पुनर्मिलन कार्यक्रमको आयोजना गरेको हो । महोत्सव अवधिभर २०८१ मंसिर २० सम्म २२ वटा कार्यक्रम गरी हीरक महोत्सव आयोजना गर्ने कार्यक्रम रहेको विद्यालय परिवारले जनाएको छ।

# बैशाख १४ देखि कास्कीको ताङतिङमा खुल्ला स्क्र्यावल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख




कास्कीको ताङतिङमा यही बैशाख १४ गतेदेखि हिमालय खुल्ला स्क्र्यावल प्रतियोगिता हुने भएको छ। मादी गाउँपालिकाको ताङतिङ स्थित हिमालय मिलन मा.वि.को स्वर्ण महोत्सवको अवसरमा यही बैशाख १४ र १५ गते उक्त प्रतियोगिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रमा जानकारी गराइएको हो।

प्रतियोगितामा मुख्य गरी १४, १६ र १८ बर्ष मुनिका खेलाडीहरु सहभागि खेल सहित खुल्ला उमेर समुहमा गरी चार विधामा प्रतियोगिता हुने भएको स्क्र्यावल क्लवका अध्यक्ष केशव प्रसाद पराजुलीले बताउनु भयो। प्रतियोगितामा १४ चरणमा खेल हुने भएको उहाँले जनाउनु भयो। नेपाली, अग्रेंजी र गणित बिषयका शब्द बनाउन सहयोग पुर्‍याउने उद्धेश्यले उक्त खेलको कास्की सहित २५ जिल्लामा यस खेलको विस्तार भएको क्लवले दाबी गरेको छ।

प्रतियोगितामा कास्की सहित, काठमाण्डौं, ललितपुर, चितवन, बारा, मोरङ, नवलपरासी लगायतका करिब ६० जना खेलाडीहरू सहभागि हुने भएको अध्यक्ष पराजुलीले बताउनु भयो। दुई रात तीन दिनको बसाई हुने प्रतियोगितामा सहभागि हुने खेलाडीहरुको लागि आयोजकले स्थानिय होटल सहितको आवासियको व्यबस्थाको लागि प्रतिव्यक्ति २ हजार शुल्क संकलन गरीने भएको क्लवका सचिव पूर्ण बहादुर रानाले बताउनु भयो।

बिद्यालयको स्वर्ण महोत्सवको अवसरमा उक्त खेलको प्रबर्द्धन गर्न पनि सो प्रतियोगिता आयोजना गर्न लागिएको क्लवका सल्लाहकार एवं बिद्यालयका प्रध्यानाध्यापक ओमप्रकाश गुरुङले बताउनु भयो। स्वर्ण महोत्सव बिद्यालयले यही वैशाख २८ र २९ गते मनाउने तयारी गरेको उहाँले बताउनु भयो। बिद्यालयमा हाल१६ जना शिक्षक तथा कर्मचारी रहनु भएको छ भने एक सय जना मात्र बिद्यार्थीहरु रहेको बिद्यालयले जनाएको छ।

स्क्र्यावल खेललाई नेपालीमा कोठेपद भनेर बुझ्न सकिन्छ। आजभन्दा करिव ९० बर्ष अघि नै पश्चिमाहरूले यसलाई सुरू गरेर आज विश्वका १ सय २० भन्दा बढी देशमा ४ हजार बढी क्लवहरूको संयोजनमा २० भन्दा बढी भाषाहरूमा खेलिने स्क्र्यावल नेपालमा २०३० सालतिरै आइपुगेको बताइन्छ। संस्थागत रूपमा यो खेलको सुरूवात गर्ने श्रेय पोखरा सार्वजनिक पुस्तकालय स्थित अमेरिकन कर्नरलाई जान्छ। आजभन्दा करिव १० बर्ष अघि देखि नेपालमा प्रतियोगिताका रूपमा स्क्र्यावल खेल्न र खेलाउन सुरू गरेपछि हाल नेपालका ७७ मध्ये ४० भन्दा बढी जिल्लाहरूमा यो परिचित भैसकेको छ।

# १४ औं वार्षिकोत्सवमा यूनाइटेड क्लबका परिकल्पनाकारलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



यूनाइटेड क्लबले आफ्नो १४ औं वार्षिकोत्सवको अवसर पारि क्लबका परिकल्पनाकार हरुलाई सम्मान गरेको छ। २०६७ साल बैशाख ७ गते स्थापना भएको यूनाइटेड क्लबका परिकल्पनाकारहरु आनन्द थापा, दिनेश सुनार, लोक बहादुर थापा, सुक बहादुर गुरुङ, गणेश तिमिल्सिना, लोक बहादुर थापा, सुक बहादुर गुरुङ, उमेश थापा मगर, प्रतिक थापा मगर, सन्तोष कार्की, सागर हमाल, अनिल गुरुङ, रावत तामाङ गोम्जा, सन्दिप विश्वकर्मा, आयूष गुरुङ, साइमन परियार, बिनोद बसेल, कृष्ण थापा मगरलाई सम्मान गरेको हो।

सम्मानित हरुलाई प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य बेद बहादुर गुरुङ, संस्थापक अध्यक्ष हिमालय बखेल, निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, अध्यक्ष राजु श्रेष्ठ लगायतले सम्मानपत्र, दोसल्ला, माला लगाइ सम्मान गरेको हो। सो अवसरमा वोल्दै गण्डकी प्रदेशका पूर्व मन्त्री समेत रहेका बेद बहादुर गुरुङले आफ्नो निर्वाचन क्षेत्रमा रहेको एकमात्र अब्बल क्लब यूनाइटेड क्लव रहेको वताउदै आफु सरकारमा रहे या नरहेपनि आफ्नो तर्फबाट क्लबको हरेक अभियानलाई सहयोग गर्ने वताए। अमर सिंह माविका प्रध्यानाध्यापक शेर बहादुर थापाले यूनाइटेड क्लबले अमरसिंह खेलमैदानमा महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै आइरहेको वताउदै हिउदको छुट्टीमा पोखरा महोत्सव गर्दै आइरहेकोमा आगामी दिनमा दशै तिहारको विचको समयमा हुने विदाको वेलामा पनि सानो भएतापनि महोत्सव गर्न सुझाव दिए। यूनाइटेड क्लवका निवर्तमान अध्यक्ष लालकाजी गुरुङले यूनाइटेड क्लबले आगामी दिनमा सामाजिक कामको दायरालाई फराकिलो बनाउदै लैजानुपर्ने र त्यसका लागि सम्पूर्ण सदस्यहरु लाग्नुपर्नेमा जोड दिए। क्लबका पूर्व अध्यक्ष सुक बहादुर गुरुङले स्थापनाकालदेखी हाल सम्म आइपुग्दा क्लवले विभिन्न आरोह अवरोहहरु झेल्दै आएको र सम्पूर्ण एकजुट भएको खण्डमा जस्तोसुकै परिस्थितीको सामना गर्न सकिने वताए। त्यस्तै क्लवका सल्लाहकार द्धय मुक्षेत्र गुरुङ र लिलाधर अधिकारीले यूनाइटेड क्लबमा आवद्ध युवाहरुको ऐक्यवद्धता, विश्वास र भरोसाकै कारण क्लबले आजको दिन सम्म आइपुग्दा पोखरामा मात्र नभइ नेपालमानै अब्बल सावित हुने काम गर्न सफल भएको वताउदै नाम अनुसारनै सम्पूर्ण सदस्यहरु एकजुट भएर आगामी आयोजनाहरु सफल बनाउन तर्फ लाग्न सुझाव दिए।

त्यस्तै क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले यूनाइटेड क्लबले आगामी दिनमा ड्रीम प्राजेक्टको रुपमा लेखनाथको अर्चलेमा जेहेन्दार विद्यार्थीहरुको छात्राबास निर्माण र सेती नदीमा साहसिक पर्यटकीय गन्तब्य निर्माणका लागी महत्व दिने वताए। क्लबले स्थापना कालदेखीनै पोखरामा खुल्ला चिडियाखाना निर्माण हुनुपर्छ भन्ने अवाज उठाउदै रकम सञ्चालन गरी सरकारलाई प्रदान गर्दै आइरहदा हाल गण्डकी प्रदेश सरकारको ड्रीम प्रोजेक्टको रुपमा चिडियाखाना निर्माणको काम भइरहेको समेत उनको भनाइ रहेको थियो।

यसैविच गत पुषको २६ देखी माघको ८ गते सम्म आयोजना गरेको बाह्रौं संस्करणको पोखरा महोत्सवबाट ३८ लाख ९५ हजार बचत भएको क्लबका कोषाध्यक्ष सूर्य बहादुर बानियाले उक्त अवसरमा जानकारी दिए। महोत्सवमा कुल आम्दानी १ करोड ७४ लाख ३० हजार र खर्च १ करोड ३५ लाख ३५ हजार गरी कुल ३८ लाख ९५ हजार बचत भएको बानियाँले जानकारी दिए। महोत्सवबाट बचत रकमले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र सेती नदी एक साहसिक पर्यटकीय गन्तब्य निर्माणमा खर्च गरिने उनको भनाइ रहेको थियो।

यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने क्लबका महासचिव दिनेस सुनारले कार्यक्रमको सञ्चालन गरेका थिए। कार्यक्रममा यूनाइटेड क्लबको जिंगलका रचनाकार प्रकट पंगेनी शिवको असामहिक निधन प्रति शोक ब्यक्त गर्दै मोहनधारण समेत गरिएको थियो।

# आठ महिनामा ...

। आर्थिक वर्ष २०७८/७९ मा केन्द्रबाट १३ हजार चार सय ९९ ले सेवा लिएका थिए। प्रत्येक वर्ष आयुर्वेद सेवातर्फ सर्वसाधारणको आकर्षण बढेको तथ्याङ्कले पुष्टि गरेको चापागाईंको भनाइ छ।

उहाँका अनुसार चालु आर्थिक वर्षमा १० हजार तीन सय ८३ पुरुष र सात हजार एक सय ८९ महिलाले सेवा लिएका छन्। यस अवधिमा बहिरङ्ग सेवा लिने पुरुषको सङ्ख्या तीन हजार तीन सय १७ र महिलाको सङ्ख्या दुई हजार आठ सय ७३ छ। ज्येष्ठ नागरिक सेवातर्फ पाँच सय २५ पुरुष र तीन सय ५८ महिलाले सेवा लिएका छन्। योग सेवातर्फ चार हजार छ सय ४९ पुरुष र दुई हजार दुई सय ५८ महिला, पूर्वकर्म पञ्चकर्मतर्फ एक हजार छ सय ५१ पुरुष र एक हजार चार सय छ महिला, स्तनपायी आमा तथा शिशुतर्फ एक सय ३८ महिला, क्षारसुत्रतर्फ एक पुरुष र चार महिला, प्रयोगशालातर्फ दुई सय ४० पुरुष र एक सय ५२ महिलाले सेवा लिएको कार्यालयको तथ्याङ्क छ। चापागाईंका अनुसार साउन महिनामा दुई हजार छ सय ८१, भदौ महिनामा दुई हजार तीन सय ८०, असोज महिनामा एक हजार नौ सय ४०, कात्तिक महिनामा एक हजार पाँच सय ५४, मङ्सिर महिनामा दुई हजार छ सय ७६, पुस महिनामा दुई हजार एक सय २९, माघ महिनामा दुई हजार एक सय ९८ र फागुन महिनामा दुई हजार १४ जनाले सेवा लिएका छन्। जिल्लाका चार ठाउँमा नागरिक आरोग्य केन्द्र छन्।

बन्दीपुर गाउँपालिका-१ मा डुम्रे नागरिक आरोग्य सेवा केन्द्र, घिरिङ गाउँपालिका-५ मा घिरिङ नागरिक आरोग्य सेवा केन्द्र, देवघाट गाउँपालिका-५ मा देवघाट नागरिक आरोग्य सेवा केन्द्र र आँबुखैरेनी गाउँपालिका-१ मा आँबुखैरेनी नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा छ। जिल्लाका तीन पालिकामा अझै पनि आयुर्वेद स्वास्थ्य संस्था पुगेको छैन। दश पालिकामध्ये देवघाट, आँबुखैरेनी र घिरिङ गाउँपालिकामा आयुर्वेद स्वास्थ्य संस्था नपुगेको चापागाईंले जानकारी दिनुभयो। केन्द्रले पतञ्जली योग समितिसँग समन्वय गरी कार्यालयको योगहलमा स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यस्तै जिल्लाका स्थानीय तहलगायत अन्य सरोकारवालाहरुसँग निरन्तर समन्वय र सहकार्य गर्दै आयुर्वेदिक उपचार प्रणालीको प्रवर्द्धन गरिरहेको चापागाईंको भनाइ छ। कार्यालयमा एक आयुर्वेद चिकित्सक, एक आयुर्वेद सहायक (कविराज), दुई वैद्य, एक लेखापाल, दुई कार्यालय सहयोगी र एक ल्याव टेक्निसियन कर्मचारी कार्यरत छन्। केन्द्रमा ढाड दुख्ने समस्या भएका बिरामीलाई लक्षित गरी थेरापी मेसिनसमेत सञ्चालनमा छ।

गण्डकी प्रदेशको सहयोगमा कार्यालयले थेरापी मेसिन खरिद गरेर सञ्चालनमा ल्याएपछि यस्ता समस्या भएका बिरामी आउने गरेको चापागाईंले बताउनुभयो। उहाँले भन्नुभयो, "हाडजोर्नी, नसा च्यापिएका बिरामीको आकर्षण आयुर्वेदमा बढ्दै छ।" कार्यालयले उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्र सञ्चालनमा ल्याएको छ। पाइल्स, फिस्टुला, फिसरजस्ता रोगको उपचारमा प्रभावकारी मानिएको क्षारसुत्र विधि सञ्चालनमा ल्याइएको छ। कार्यालयले रोगअनुसारको दैनिक योग पनि सञ्चालन गर्दै आएको छ। आयुर्वेदिक स्वास्थ्य सेवाप्रति सर्वसाधारणको आकर्षण बढेसँगै कर्मचारीको सीप, उत्साह र जाँगरमा वृद्धि भएको छ।

# सूर्यचन्द्र बिकास समाजको उद्घोषण तथा भाषणकला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



पोखरा महानगरपालिका वडा न ५ मालेपाटनस्थित सूर्यचन्द्र बिकास समाजको उद्घोषण तथा भाषणकला तालिम सनिवार सम्पन्न भएको छ।

तालिमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। पौडेलले समाज बिकासको क्रम बोल्ने सिपबाटै शुरु हुने हुदा समाजका अगुवाहरू परिमार्जित र परिष्कृत हुन तालिम फलदायी हुने बताउनुभयो। नेतृत्वमा हुनुपर्ने अनिवार्य सीप बोल्ने शैली भएको हुँदा समाजका हर क्षेत्रमा सो अत्यावश्यक भएको भन्दै सिकेका कुरा व्यबहारमा उतार्न आग्रह गर्नुभयो। पोखरा महानगरपालिका वडा न पाँचका विभिन्न टोल बिकास संस्थाका करिब ८० जना प्रशिक्षार्थीहरूको सहभागी रहेको तालिममा उद्घोषण, भाषण र नेतृत्व बिकासको बारेमा जमुना बर्षा शर्माले सहजीकरण गर्नुभएको थियो। कार्यक्रमको उद्घाटन सत्रमा समाजका पूर्ब अध्यक्ष कृष्ण प्रसाद बराल, पोखरा महानगर कार्यपालिका सदस्य हरीमाया बिश्वकर्मा, वडा सदस्यद्वय कल्पना भुवाजी क्षेत्री, गोबिन्द पराजुली सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो।

समाजका अध्यक्ष कमला गौतमको अध्यक्षता सम्पन्न उद्घाटन कार्यक्रममा, स्वागत उपाध्यक्ष सावित्री कोइराला र संचालन महासचिब हेमराज भण्डारीले गर्नुभएको थियो।

# विद्यार्थी ...


अवधारणा ल्याइएको नगर शिक्षा अधिकारी धनप्रसाद पोखेलले जानकारी दिनुभयो। "कतै शिक्षकले विद्यालय कुर्नुपर्ने त कतै विद्यार्थीले शिक्षक नपाउने अवस्था हाम्रो नगरमा आयो, एक हजार तीन सय विद्यार्थी भएको विद्यालय, जिल्लाकै नमूना विद्यालय हाम्रै नगरभित्र छन्, तर एक-दुई विद्यार्थी पढाएर शिक्षक बस्नुपर्ने अवस्था अन्त्य गर्न आवश्यक छ, त्यहाँका विद्यार्थीलाई आवासीयसहितको सुविधा दिन सकिन्छ", पोखेलले भन्नुभयो। विद्यालय स्थगन र तह मिलानपछि धेरै हुन आउने शिक्षकलाई सोही वडाभित्रका आवश्यक रहेका विद्यालयमा व्यवस्थापन गरिने छ। नजिकमा विद्यालय नभएको, अलग्गै बस्ती र भौगोलिक विकटता भएको विद्यालय तथा कक्षा स्थगनले पढाइबाट बञ्चित हुने बालबालिकालाई आवश्यक वैकल्पिक व्यवस्था मिलाइएको छ। नगरपालिकाले स्थगन भएका विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास कक्षा आवश्यक रहेसम्म कायम राखिने, स्थगन भएका विद्यालयमा दोब्बर सङ्ख्यामा विद्यार्थी उपलब्ध भए पुनः विद्यालय सञ्चालन गर्न सकिने जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# एमालेमा मौलाएको अनुशासन हिनता

नेकपा (एमाले)को केन्द्रीय अनुशासन आयोगले केन्द्रीय नेताहरुकै कारणले पार्टीभित्र गुटगत गतिविधि बढेको रिपोर्टिङ गरेको छ । एमालेमा विचारका आधारमा भन्दा सत्ता स्वार्थका आधारमा गुटबन्दी हुने गरेको छ। विगतमा गुटबन्दीले गर्दा पार्टी विभाजन भएको दुखद अवस्था भोगेका नेताहरू नै गुटबन्दीमा तल्लिन भएर कार्यकर्ता र शुभेच्छुकलाई पीडा दिएका छन । केन्द्रीय अध्यक्ष केपी शर्मा ओलीको विकल्प छैन भन्ने नेताहरु प्रदेश र जिल्लामा गुटबन्दी गर्न तल्लीन छन । पार्टीको संस्थागत निर्णय भन्दा आफ्नो स्वार्थ र गुटको स्वार्थमा बोल्दै हिड्ने गरेका छन । कमिटी प्रणाली भन्दा नेताका लागि बन्दोबस्ती मिलाउनेलाई टिपेर नेतृत्वमा पुर्याउन पार्टीका सबै मुल्य मान्यता विर्सेर जे पनि गर्ने अवस्थामा पुगेका छन ।

एमालेको शनिबारदेखि सुरु भएको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा आयोगका अध्यक्ष केशवप्रसाद बडालले पेस गरेको प्रतिवेदनमा प्रदेश र जिल्ला तहका केही नेताहरूले समेत कार्यकर्ताको झुण्ड निर्माण गरेको उल्लेख गरेका छन् । अनुशासन आयोगले शुरुदेखिनै गुटबन्दी विरुद्ध परेका उजुरी छानबिन गरेर कार्वाही नग्दा अराजकता बढेको छ । अनुशासन आयोगले शुरुदेखि नै हातत हाल्न सकेको भए अहिलेको अवस्था आउने थिएन । ढिलै भए पनि अनुशासन आयोगले पार्टीमा देखिएका समस्या हल गर्ने काम पार्टीको हो। पार्टीकरण गरूञ्जेल प्रश्नबाट भाग्न दिनु हुँदैन । आयोगको प्रतिवेदनमा भनिएको छ, 'गुटगत गतिविधिको स्रोत मुख्य गरी केन्द्रीय नेताहरू भएको देखियो । प्रदेश र जिल्ला तहका केही ताहरूले समेत कार्यकर्ताको झुण्ड निर्माण गरेको देखियो । प्रदेश अधिवेशन भइरहँदा, उद्धाटन समारोहमा नेताहरूले विचार प्रस्तुत गर्दा पार्टीको संस्थागत भावनाअनुरुप नै विचार प्रस्तुत गरेको पाइयो ।' तर, अधिवेशनको दौरानमा प्रतिवेदनहरूमा साझा दृष्टिकोण हुँदाहुँदै पनि खासगरी नेतृत्व चयन गर्ने समयमा अधिकांश ठाउँहरूमा कतिपय केन्द्रीय नेताहरू समूहगत रुपमा विभाजित देखिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा भनिएको छ, 'सार्वजनिक रुपमा गुटको विपक्षमा देखिए तापनि कतिपय नेताहरूले आन्तरिक रुपमा गुट निर्माण गर्ने र सञ्चालन गर्ने गरेको पाइयो । यस्तो गुट वैचारिक नभइ आत्मकेन्द्रित रुपमा भएको देखियो । अधिवेशनको दौरानमा स्थानीय तहका कतिपय नेताहरू आफ्नो महत्वाकांक्षा पूरा गर्न केन्द्रीय नेताहरूलाई सिरानीमा राखेर गुटगत प्रचार गरेको देखियो । कतिपय ठाउँमा केन्द्रीय नेताहरू संलग्न नहुँदा नहुँदै पनि उनीहरुले गुट बनाएको भन्ने चर्चा गरेको देखियो । अनुशासन आयोगले देखाएका सही मार्ग हिडेमा सधैंको धम्को सहनुपर्ने छैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवसायी सघंको कार्यालय उद्‌घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवसायी संघले नयाँवर्ष २०८१ को शुभकामना आदान प्रदान कार्यक्रमसगैं संघको कार्यालयको उद्‌घाटन गरेको छ ।

संघको कार्यालयको उद्‌घाटन गर्दै लोकदोहोरी रेष्टुरेण्ट व्यवसायी संघका केन्द्रीय अध्यक्ष बिनोद श्रेष्ठले लोकदोहोरी रेष्टुरेण्ट व्यवसाय सम्मानित, मर्यादित र सुरक्षित बनाउनका लागि ब्यवशायीहरुनै लाग्नुपर्नेमा जोड दिए । आफुहरुको ब्यवसाय कोरोना अगाडि सम्म नेपाल सरकारमा सुचिकृत नभएका कारण त्यतिवेला प्रहरी प्रसासनबाट सास्ती खेप्नुपरेको वताउदै कोरोना पछि ब्यवसायलाई सुचिकृत गरी मापदण्ड र अनुसुची बनाएको र त्यसपछिमात्र हाल आएर रात्रिकालिन ब्यवसायलाई चौबिसै घण्टा खोल्न सरकार तत्पर रहेको वताउदै अध्यक्ष श्रेष्ठले संस्थाको मर्यादाभित्र रहेर व्यवसाय गर्न व्यवसायीहरुलाई आग्रह समेत गरे । त्यस्तै पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवयसायी सघंका कानुनी सल्लाहकार सुरेन्द्र थापा मगरले ब्यवसाय संगै रोजगार प्रदान गर्ने व्यवसाय लोकदोहोरी रेष्टुरेण्ट भएको वताउदै लोकदोहोरी ब्यवसायले लोक संस्कृतिको संरक्षणमा समेत लागेको वताए । आर्थिक मन्दीका कारण रोजगार नपाउने अवस्थाका कारण युवाहरु विदेश पलायन भइरहदा लोकदोहोरी रेष्टुरेण्ट व्यवशायीहरुले केही हद सम्म रोजागार प्रदान गरिरहेको वताउदै थापा मगरले पैसा र नेपाल सरकारले चाहेर मात्रपनि नेपालको मौलिक लोक संस्कृति बचाउन नसकिने वताए । लोक संस्कृतिको संरक्षणमा ब्यवसायीहरु लाग्नुपर्ने उनको भनाइ रहेको थियो ।

राष्ट्रियलोकदोहोरीप्रतिष्ठानका केन्द्रीय सचिव शंकरविरही गुरुङले लोकदोहोरीको कलाकार उत्पादन गर्न र कलाकारलाई बचाइ राख्न लोकदोहोरी रेष्टुरेण्टको मुख्य भुमिका रहेको वताए । पोखरा लोकदोहोरी रेष्टुरेण्ट व्यवयसायी सघंका सल्लाहकार लोकेन्द्र कुमार राईले रात्रीकालिन ब्यवशायहरु २४ घण्टा खुल्नु खुसीको कुरा भएतापनि त्यसमा चुनौती रहेको वताउदै ब्यवशायीहरुले विशुद्ध रुपमा व्यसाय गर्दै सम्मानित र मर्यादित ढंगले ब्यसाय गर्न सके व्यवसायीले सम्मान पाउने वताए । त्यस्तै अर्का सल्लाहकार जय कुमार परियारले संघले ब्यवसायीहरुको हक हितको लागि एकजुट भएर काम गर्न आग्रह गरे । ससुराली रोधी घरका सञ्चालक टंक पौडेलले संघबाट व्यवसायीहरुलाई दुख पर्दा साथ र सहयोग पाइरहेको वताउदै आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा राखे ।

उक्त अवसरमा पोखरामा भर्खर सञ्चालनमा आएका ससुराली, जुनेली, मान्द्रो र सारंगी रोधी घरले संघको सदस्यता समेत लिएका थिए । हाल पोखरामा २६ वटा दोहोरी साँझहरु संघमा आवद्ध रहेका छन । संघका अध्यक्ष जीवन गुरुङ भीमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष बिरेन्द्र केसीले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन सचिव दिलु लामाले गरेकी थिइन ।

# सामुदायिक सेवा केन्द्र वगरको स्वागत



**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा– १ वगरले जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नयाव उपरीक्षकलाई स्वागत गरेको छ ।

सेवा केन्द्रले जिल्ला प्रहरीका कार्यालय कास्कीका आएका प्रहरी नायव उपरीक्षक वसन्तराज शर्मालर्या स्वागत गरेको हो । कार्यक्रममा सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीलगायत सल्लाहकारले प्रहरी नायव उपरीक्षक शर्मालाई मायाको चिनो सहित खादा लगाइ स्वागत गरेका थिए । कार्यक्रममा बोल्दै प्रहरी नायव उपरीक्षक शर्माले अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न सधै समुदायसँग सहकार्य गरेर अघि वढ्ने प्रतिवद्धता जनाए । सामुदायि सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगर पालिका वडा नं. १ का वडा सदस्य जुमकाजी गुरुङ, सामुदायिक सेवा केन्द्र वगरकी संस्थापक अध्यक्ष सिता गुरुङ सल्लाहकार पुरुषोत्तम श्रेष्ठ, निवर्तमान अध्यक्ष रामभुषण पराजुली, कोषाध्यक्ष कृष्णबहादुर तामाङले बोलेका थिए ।

# चैतेदसैँ मेलामा दश करोडको कारोबार

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ बैशाख

यस वर्षको चैतेदसैँ मेलामा रु १० करोडको कारोबार भएको छ। तीन सय वर्षभन्दा पुरानो मेलाको रूपमा रहेको चैतेदसैं मेलाले बागलुङमा निरन्तरता पाएको छ । कालिका मन्दिर परिसरमा चैत ३० गतेदेखि लागेको चैतेदसैं मेला बिहीबार सकिएको थियो ।

मेलामा स्थानीय उत्पादन डाला, नाङ्ला, ठेका र मादललगायतको स्टल राखिएको थियो । एक सय ५० वटा स्टलमा खाद्यान्न, लत्ताकपडा, कस्मेटिक र खेलौनालगायतका सामग्रीको कारोबार भएको थियो । बागलुङको पर्यटन व्यवसाय समेत मेलाले चलायमान बनाउँदै आएको छ ।

बागलुङ कालिका भगवती गुठीद्वारा आयोजित मेलामा स्थानीय र आयातित उत्पादनको खरिद बिक्री भएको थियो । पाँच लाखभन्दा बढीले मेलाको अवलोकन गरेको अनुमान बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिको छ ।

"तीन सय वर्ष पुरानो मेलाको रूपमा रहेको चैतेदसैं मेलामालाई संरक्षणसँगै निरन्तरता दिइएको छ, मेलामा राम्रो आर्थिक कारोबार भएको छ, स्टलमा खरिद गर्नेको भीड लागेको थियो", बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका कुमार अध्यक्ष खड्काले भन्नुभयो "मेलालाई नाफा घाटाका रूपमा नलिई चैतेदसैं मेला संरक्षणका काम गर्दै आएका छौं, मेला सञ्चालनमा लागि कालिका गुठीले व्यवस्थापनमा रु ५५ लाख खर्च गरेको छ ।"

कालिका मन्दिरले प्रत्येक वर्ष रु १० लाख चैतेदसैं मेला सञ्चालनका लागि दिने गरेको छ। अन्य खर्च प्रायोजक, स्टलबाट उठाएर मेला सञ्चालन गरिँदै आएको छ । मेलाका अवसरमा कालिका कप खुला राष्ट्रियभलिबलप्रतियोगिता,खुला लोकदोहोरी प्रतियोगिता, छेलो, विद्यालयस्तरीय नृत्य, कालिका मन्दिर परिसरबाट शालग्राम सङ्ग्राहलयसम्म दौडलगायतका प्रतियोगिता सम्पन्न गरिएको छ । चैतेदसैं मेलामा नेपालका विभिन्न जिल्ला चितवन, काठमाडौंसहित भारतीय धार्मिक पर्यटकसमेत आएका थिए ।

# मनसरा : मिश्रित समाजको कथा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



मनसरा मिश्रित समाजको कथा भएको बताइएको छ । बैशाख २१ गते बाट रिलिज हुने सिनेमा मनसराको विषयमा जानकारी दिने उद्देश्यले चलचित्र पत्रकार संघ नेपाल कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा निर्माण टीमले यस्तो बताएको हो ।

समाजमा भएका घट्नाहरुलाई आधार बनाएर सिनेमा निर्माण गरिएको निर्देशक एवम लेखक उपेन्द्र सुब्बाले जानकारी दिए । उनले भने ,"मनसरा मिश्रित समाजको कथा हो । सिनेमाका हरेक पात्रमा दर्शकले आफुलाई पाउनेछन ।" सामाजिक विषयवस्तु आफ्नो रुचीको विषय भएकाले पनि सिनेमा मार्फत सामाजिक कथा प्रस्तुत गर्न खोजेको उनले बताए । "सिनेमा छ्या भन्ने बनाएको छैन । पत्याउने सिनेमा बनेको छ । फरकधारको सिनेमा बनाउने प्रयास हो ।", उनले भने । निर्देशक सुब्बाले मनसरा धानको नाम भएको उल्लेख गरे । पुर्वीतिर पाइने धान जसको ढांट अलिक कडा हुन्छ । वरिपरि अन्य बाली लगाएता पनि उक्त धानमा कुनै असर नभई उत्पादन हुने हुँदा उक्त विषयवस्तुलाई समाजसङ्ग जोड्ने प्रयास सिनेमा माध्यम गरेको उनले बताए । मनसरा धानको विशेषता मन परेर नै सिनेमाको कथा बनाइएको भनाई उनको छ । उपन्यास लेखन भन्दा सजिलो सिनेमा लेखन भएको उनले उल्लेख गरे ।

लेखनमा नै सुब्बा आनन्द मान्छन । अभिनेता प्रविन खतिवडाले मनसरा सोसल ड्रामा भएको बताए । श्रमिक, परिवारबाट विछोड भएका मान्छेको कथालाई मनसरामा प्रस्तुत गरिएको उनले बताए । समाजिक कथामा सिनेमा निर्माण भएकाले परिवारले बसेर हेर्न मिल्ने सिनेमा बनाइएको भनाई उनको छ । उनी सिनेमामा साधारण कृषकको भुमिकामा देखिएका छन् । मिश्रित समाजको कथा भएकाले मनसरा दर्शकको रोजाइमा पर्नेमा उनी विश्वस्त छन् ।

नायिका मिरुना मगरले मनसरा समाजको रियल कथामा आधारित रहेको बताइन । जारीमा दर्शकबाट पाएको माया स्वरुप मनसराको आफ्नो भुमिकालाई पनि दर्शकले रुचाउनेमा उनी आशावादी छिन । कुनै पनि कलाकारले निर्देशकले दिएको भुमिका अनुसार नै आफुलाई सिनेमामा प्रस्तुत गर्ने हुँदा मनसरामा पनि निर्देशकले दिएको भुमिकालाई आफुले सक्दो निभाउने प्रयास गरेको उनले बताइन । अभिनेत्री मेनुका प्रधान पनि मनसरा बाट आशावादी देखिन्छन् । सिनेमामा आफ्नो भुमिकालाई दर्शकले मन पराउनेमा उनी ढुक्क छिन् । सामाजिक कथा भएकाले सिनेमा हेर्न हल सम्म पुग्न दर्शकलाई उनको आग्रह छ ।

कार्यकारी निर्माता सिजन दाहालले सिनेमाको छायांकन काठमाडौं नजिकैको गाउँ ललितपुर स्थित सिमाखो र पांचथरको गाउँमा भएको जानकारी गराए । उनका अनुसार उक्त गाउँका नागरिकहरु भाडामा बसेर खेती किसानी गर्छन । लकडाउनको समय देखि नै स्कृप्टको तयारी भएको र अहिले आएर सिनेमा निर्माण गर्ने समय जुरेको उनले उल्लेख गरे । कर्मसियल सिनेमा जत्तिकै लगानी मनसरामा लागेको भनाई उनको छ ।

# म्याग्दीमा मगरात सभ्यताको अध्ययन–अनुसन्धान गरिने

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

मगर बाहुल्यता रहेको म्याग्दीमा मगर जातिको उत्पत्ति, दर्शन र मगरात सभ्यताको अध्ययन-अनुसन्धान गरिने भएको छ ।

नेपाल मगर सङ्घ केन्द्रीय समितिको आयोजना र नेपाल मगर सङ्घ जिल्ला समन्वय समितिको संयोजनमा वैशाख १० गतेदेखि पहिलो चरणमा जिल्लाका रघुगङ्गा, मालिका र धवलागिरि गाउँपालिकामा अध्ययन गरिने नेपाल मगर सङ्घ जिल्ला समन्वय समिति म्याग्दीका अध्यक्ष लोकबहादुर पुनमगर (लोकेश) ले जानकारी दिनुभयो । उहाँका अनुसार वैशाख १० गते रघुगङ्गा गाउँपालिका-६ पाखापानीबाट गरिने भएको छ । वैशाख ११ गते दरबार भग्नावशेष अवलोकन, अन्तरक्रिया कार्यक्रम गरिने छ भने सोही दिन मालिका गाउँपालिका-५ देविस्थान, र वैशाख१२गतेधवलागिरिकोकेन्द्र मुनामा कार्यक्रम गर्ने बताइएको छ । नेपालमा जातिगत जनसङ्ख्याको हिसाबले मगर नेपालको तेस्रो ठूलो जाति हो भने आदिवासी जनजाति समुदायको पहिलो हो ।


# आवश्यकता

यस श्री लक्ष्मी आधारभूत विद्यालयमा बाल विकास सहजकर्ता शिक्षिकाको आवश्यकता भएकोले मिति २०८१/०१/०३ गतेको पोखरा महानगरपालिकाको चलानी नं. ७०४ को अनुमति पत्र एवम् वि.व्य.स.को बैठक मिति २०८१/०१/०४ गतेको निर्णय अनुसार शिक्षक पदपूर्तिका लागि योग्य अनुभवी, दक्ष नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

**१. विज्ञापन नं.** : ०१/०८०/८१
**२. पद** : बाल विकास सहजकर्ता
**३. उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**४. शैक्षिक योग्यता** : +२ वा सो सरह
**५. दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०१/२० गते
**६. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता
**७. परीक्षा दस्तुर** : रु. ५००/-
**८. तलब स्केल** : नेपाल सरकारको प्रचलित नियमानुसार
**९. दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु** : हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**१०. सम्पर्क नं.**:
वि.व्य.स. ९८५६०७२००१,
प्रधानाध्यापक ९८६६०२८४८०

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**२०२० जेठ २८ गते**

**स्वर्गारोहणः**
**२०८० चैत्र २७ गते**

## स्व. बिमला देबी तझ्या

महेन्द्रपुल पोखरा -९ घर भै हाल बिरौटा शान्तिपथ पोखरा-१७ स्टेट नं ५ निवासी हाम्रा प्राप्त स्मरणीय ममतामयी आमा, सासुआमा र हजुरआमा **बिमला देबी तझ्या**को ६० वर्षको उमेरमा ब्रह्मलिन हुनु भएकोमा हामी सपरिवार र तझ्या परिवार अति मर्माहत भएका छौं। यस दुःखद घडीको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस अकल्पनीय दुःखद घडीमा हामीप्रति श्रद्धाभाव राखी सहानुभूति एवम् समवेदना प्रकट गर्नुहुने हाम्रा मान्यजन, संघसंस्था, इष्टमित्र, कुलकुटुम्व, छरछिमेक एवम् शुभचिन्तकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा :**
**अमित काजी तझ्या**
**समित तझ्या (आदित्य)**
**सुमित तझ्या**

**बुहारी :**
**सुस्मा तझ्या**
**कोकिला तझ्या**

**छोरी :**
**एलिना तझ्या**

**नातिनी :**
**आयुष्मा तझ्या**

## एवम् सम्पूर्ण तझ्या काजी परिवार पोखरा

**पूनश्चः मिति २०८१ बैशाख ०९ गते आइत आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं।**